# अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

प्रस्तावना : प्रदेश नं. १ ले अर्को प्रदेशको बासिन्दालाई समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउन संविधानको धारा २३३ को उपधारा (३) बमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिम प्रदेश नं.१ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन प्रदेश नं. १ को हकमा लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश" भन्नाले नेपालको संविधानको अनुसूची -४ बमोजिमको प्रदेश नं. १ सम्झनु पर्छ ।

(ख) "प्रदेश सरकार" भन्नाले प्रदेश नं.१ को मन्त्रिपरिषद्लाई सम्झनु पर्छ ।

(ग) "बासिन्दा" भन्नाले प्रदेश नं. १ लगायत नेपाल भित्रको अन्य कुनै प्रदेशमा स्थायी वा अस्थायी रुपमा बसोबास गर्ने नेपाली नागरिकलाई सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानून बमोजिम नेपालभित्र आई कुनै पनि प्रदेशमा अस्थायी रुपमा बसोबास गर्ने विदेशी नागरिकलाई समेत जनाउँछ ।

(घ) "व्यवहार'' भन्नाले अन्य प्रदेशबाट यस प्रदेशमा आई बसोबास गर्ने बासिन्दालाई प्रदेश नं.१ मा बसोबास गर्ने बासिन्दा सरह गरिने व्यहारलाई सम्झनु पर्छ ।

(ङ) "सुविधा" भन्नाले प्रदेश नं. १ मा स्थायी बसोबास गर्ने बासिन्दालाई प्राप्त हुने सेवा सुविधालाई सम्झनु पर्छ र सो शब्दले अन्य प्रदेशबाट आउने बासिन्दा र विदेशी नागरिकलाई प्रदेश नं. १ का बासिन्दा सरह प्राप्त हुने सेवा सुविधा समेत लाई जनाउँछ ।

(च) "सुरक्षा" भन्नाले अन्य प्रदेशबाट यस प्रदेशमा आई बसोबास गर्ने नेपाली तथा विदेशी नागरिकलाई प्रदेश नं. १ का बासिन्दा सरह निजको जीउज्यान, चलअचल सम्पत्ति, मान सम्मान र प्रतिष्ठाको सुरक्षा गरे सरह प्रदान गरिने सुरक्षालाई सम्झनु पर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(ज) "स्थायी र अस्थायी बासिन्दा" भन्नाले प्रदेश नं. १ अन्तर्गत को कुनैपनि जिल्लाबाट नेपाली नागरिकता प्राप्त गरी यस प्रदेशमा स्थायी बसोबास गरिरहेको व्यक्ति तथा प्रचलित कानून बमोजिम निजको परिवारका सदस्य, अन्य कुनै पनि प्रदेशबाट प्रदेश नं. १ मा स्थायी बसोबास गर्ने गरी बसाई सराई गरी आएको वा प्रदेश नं. १ मा स्थायी बसोबास गरी सम्बन्धित क्षेत्रबाट मतदाता परिचय पत्र प्राप्त गरेको व्यक्तिलाई स्थायी बासिन्दा सम्झनु पर्छ र त्यस्तो स्थायी बासिन्दा बाहेकका बासिन्दालाई अस्थायी बासिन्दा सम्झनुपर्छ ।

३. <u>बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा</u> : (१) बासिन्दालाई देहाय बमोजिम समान सुरक्षा, व्यवहार सुविधा प्रदान गरिनेछ :-

(क) नेपालको अन्य प्रदेशबाट प्रदेश नं. १ मा आई बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम प्राप्त हुने सबै प्रकारको सुरक्षा प्रदान गरिनेछ ।

(ख) नेपालको अन्य प्रदेशबाट प्रदेश नं. १ मा आई बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम प्रदेशका कुनै पनि व्यक्ति, सार्वजनिक वा निजी क्षेत्रबाट भेदभावपूर्ण वा असमान व्यवहार गरिने छैन ।

(ग) नेपालको अन्य प्रदेशबाट प्रदेश नं. १ मा आई बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम सार्वजनिक वा निजी क्षेत्रबाट प्राप्त हुने सबै प्रकारका सुविधाहरु प्राप्त हुनेछ ।

(घ) यस दफामा भएको व्यवस्था प्रचलित कानूनको अधिनमा रही प्रदेश नं. १ मा बसोबास गर्ने विदेशी नागरिकको हकमा समेत लागू हुनेछ ।

४. <u>भेदभाव नगरिने</u> : (१) प्रदेश नं. १ भित्रका र अन्य प्रदेशबाट प्रदेश नं. १ मा आएका बासिन्दालाई संविधान र प्रचलित कानून बमोजिम बाहेक कुनै किसिमको असमान तथा भेदभावजन्य व्यवहार गरिने छैन ।

५. <u>जरिबाना र क्षतिपूर्ति</u> : (१) कसैले अर्को प्रदेशको बासिन्दा वा विदेशी नागरिक भएको कारण संविधान र प्रचलित कानूनको प्रतिकूल हुने गरि भेदभाव गरेमा त्यस्तो कार्यलाई कसूर मानिने छ ।

(२) उपदफा (१) बमोजिम प्रतिकूल हुने गरि कसैले कसूर गरेको प्रमाणित भएमा दश हजार रुपैयाँ देखि एकलाख रुपैयाँ सम्म जरिवाना हुनेछ र पीडितलाई

थप नोक्सानी भएको अदालतले ठहऱ्याएमा मुनासिब माफिकको क्षतिपूर्ति समेत पीडित पक्षलाई भराईदिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कसूर गरेमा त्यस्तो कसूरबाट पीडित हुने व्यक्तिले कसूर गरेको पैंतीस दिनभित्र कसूर गर्नेका विरुद्ध सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिम मुद्दा दायर हुन आएमा सम्बन्धित जिल्ला अदालतले यस ऐनको अधिकारक्षेत्र प्रयोग गरी प्रचलित कानून बमोजिम मुद्दाको कारवाही र किनारा गर्नेछ ।

६. विषेश सुविधा सम्बन्धि व्यवस्था : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश नं. १ मा बसोबास गर्ने कुनै खास जाति, वर्ग, लिङ्ग र समुदायका वा सबै बासिन्दालाई संविधान, प्रचलित संघीय एवं प्रदेश कानूनमा भएको व्यवस्थाको अतिरिक्त यस ऐन बमोजिम प्रदेश सरकारले थप सेवा सुविधा प्रदान गर्न सक्नेछ ।

७. नियम बनाउन सक्ने : यस ऐनको कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ ।

प्रमाणीकरण मितिः- २०७५/०५/१४